स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता भुवन केसीले ९ वर्षपछि निर्देशनमा कमब्याक गर्न लागेको फिल्म 'बाटुलो जून'को शुभमुहूर्त गरिएको छ। शुक्रबार बिहान पाटनस्थित बगलामुखी मन्दिरमा क्यामेरा र स्क्रिप्ट पूजा गर्दै फिल्मको मुहूर्त गरियो। कार्यक्रममा फिल्मका कलाकारदेखि लेखक-निर्मातासम्म उपस्थित थिए। मुहूर्तसँगै शुक्रबारबाट काठमाडौंमा फिल्मको औपचारिक रुपमा छायांकन सुरु गरिएको छ।

**आजको विचार...**



चुनावी...

(दुई पेजमा)

शम्भु कोइराला

भनिन्छ, '१२ वर्षमा बगेको खोलो पनि फर्किन्छ।' निर्देशक प्रवीण श्रेष्ठको हकमा पनि यस्तै भएको छ। डेब्यु फिल्म 'मोक्ष'(२०७०) रिलिजको १२ वर्षपछि उनी नयाँ फिल्म 'बब डाइ'मार्फत् निर्देशनमा फर्किएका छन्। गत सोमबारबाट काठमाडौंको चन्द्रागिरीमा फिल्मको छायांकन सुरु भइसकेको छ। नेवारी संस्कृतिमा आधारित यस फिल्ममा सौगात मल्ल, सिम्रन पन्ता अग्रिम पण्डित (बाल कलाकार) लगायतको अभिनय देख्न सकिने छ।



❒ वर्ष ३१ अंक ११५ ❒ २०८२ मंसिर ६ गते शनिबार 22 November 2025, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## रैनादेवी छहरामा देवीलाई धान-चामल चढाइँदै

### दुई दिने 'न्वागी महोत्सव' पनि हुने

**कृष्ण पोखरेल**

**पाल्पा,** मंसिर ५/हरेक वर्ष जस्तै यस वर्ष पनि पाल्पाको रैनादेवी छहरामा देवीलाई धान-चामल चढाइँदै छ । कार्तिक २७ गते देवीको लागि मुठी लिइसकेका यहाँका किसानले शुभसाइत मंसिर ७ गते ९:३० बजे भित्र पूर्व फर्केर रैनादेवीलाई नयाँ धानको अक्षेता चढाउने भएका हुन् ।

नयाँ धान भित्र्याएपछि पहिले देवीलाई चढाएर मात्र यहाँ उपभोग गर्ने प्रचलन रहेको छ । यहाँको प्रसिद्ध मन्दिर रैनादेवी मन्दिरमा नयाँ धान उत्पादन गरेपछि भगवतीलाई चढाएपछि मात्रै खाने गरिन्छ । यस दिन यहाँ न्वागी पर्व समेत मनाउने गरिन्छ । रैनादेवी छहरा गाउँपालिका -३ भुवनपोखरीको गोखुङ्गास्थित रैनादेवी मन्दिर परिसरमा यही मंसिर ७ र ८ गते यस वर्षको न्वागी मेला हुँदैछ । न्वागी पर्वका दिन देवीलाई काँचो चामलमा दही, केरा, सुकुमेल र अन्य मसला एकै ठाउँमा मिलाई त्यसलाई राम्ररी मुछेर विधिर्पूवक चढाइसकेपछि त्यसलाई प्रसादस्वरूप खाने परम्परा रहिआएको छ । यसरी चढाएपछि मात्र घरमा भित्र्याइएको नयाँ धानको भात खाने गरिन्छ । परम्पराकाल देखिनै पश्चिम पाल्पा, पूर्वी अर्घाखाँची, दक्षिण गुल्मीका जनताले रैनादेवी भगवतीलाई उत्पादन गरेको नयाँ धान, चामल चढाएर मात्र खाने दिनलाई न्वागी पर्वको रुपमा मनाउने प्रचलन रहँदै आएको हो । यस क्षेत्रमा परापूर्वकाल देखी नै



देवीलाई धान चामल चढाउने, पुजा पाठ गर्ने, स्तुती गान गर्ने र सोही राती देखी नै देवी मन्दिर परिसरमा आ-आफ्नो जात जातिको कलासंस्कृतिको प्रस्तुती गरी देवीलाई खुसी पार्ने चलन रहेको छ । पश्चिम पाल्पामा नयाँ धान भित्र्यापछि लामाधामीले देवीसँग सोधी दही चामल सिलाम केरा मह लगायतका बस्तु देवीलाई अर्पण गरेपछी मात्र, आमरुपमा उपभोग गर्ने चलन रहेको छ । न्वागी नखाई नयाँ धान प्रयोगमा ल्याइएमा सो घरमा अनिष्ट हुने जनविश्वास स्वरुप यहाँ उपभोक्ताले परम्पराकालदेखि नै न्वागी पर्वलाई उत्सवको रुपमा मनाउँदै आएका छन् । न्वागी पर्व पश्चिम पाल्पाकै धार्मिक आस्थासँगै मौलिक संस्कृति, जीवन पद्धती, कृषक तथा कला संस्कृतिसँग गासिएको छ ।

*-बाँकी अन्तिम पेजमा...*

## संक्षिप्त समाचार

### इन्डोनेसियामा पहिरो जाँदा १० को मृत्यु

**(रासस/सिन्ह्वा)**

**जकार्ता,** मंसिर ५/इन्डोनेसियाको मध्ये जाभा प्रान्तको आवासीय क्षेत्रमा पहिरो जाँदा कम्तीमा १० जनाको मृत्यु हुनुका साथै १८ जना बेपत्ता भएको अधिकारीहरूले शुक्रबार बताएका छन् । विपद् न्यूनीकरण एजेन्सी बिएनपिबीका अनुसार पाण्डनारुम जिल्लाको पाण्डानारुम गाउँमा भारी वर्षापछि आएको पहिरोका कारण हताहत भएको हो । हाल सम्म सातवटा शव बरामद गरिएको उल्लेख गदै मृतकको सङ्ख्या १० पुगेको बिएनपिबीका प्रवक्ता अब्दुल मुहारीले बताएका छन् । लामो समयसम्म परेको वर्षा, पाहाडहरूमा अवस्थित दरारहरूले माटोको तहहरूलाई कमजोर बनाएको कारण विपत्तिको आएको बताउदै मुहारीले चुनौतिपूर्ण अवस्थामा खोजी र उद्धार कार्य जारी रहेको बताएका छन् । स्थानीय अधिकारीहरूका अनुसार पहिरोका कारण ४८ वटा घरहरू क्षतिग्रस्त हुदाँ १९५ जना प्रभावित भएका छन् भने पछिल्लो बिएनपिबी अपडेट अनुसार ९३४ बासिन्दाहरूलाई सुरक्षित अस्थायी आश्रयमा सारिएको छ । राष्ट्रिय खोजी तथा उद्धार एजेन्सी बसरनास, सेना, प्रहरी, स्थानीय विपद् व्यवस्थापन एकाइ र स्वयंसेवकहरूसहित विभिन्न निकायका ७०० भन्दा बढी कर्मचारीहरू यस क्षेत्रमा तैनाथ गरिएको छ । खोजी प्रयासहरूलाई तिन क्षेत्रहरूमा विभाजन गरिएको छ भने पानीले भरिएका क्षेत्रहरू सफा गर्न भारी मेसिनरी, खोजी र उद्धार कुकुर एकाइहरू तथा उपकरणहरू प्रयोग गरिएको जनाइएको छ ।

## तानसेनमा बस दुर्घटना : ११ जना घाइते

**पाल्पा,** मंसिर ५/दाङबाट विद्यार्थी लिएर भ्रमण आएको बस तानसेनमा दुर्घटना भएको छ । आज विहान दाङबाट आएको ना ५ ख १०८९ नम्बरको बस तानसेन नगरपालिका-१३ बैकुण्ठे भिर नजिकै दुर्घटना भएको हो । बस दुर्घटनामा ११ जना घाइते भएका छन् ।

साधारण नमुना मा.वि. राजपुर दाङका विद्यार्थी पाल्पाको रानीमहल भ्रमणका लागि आएका थिए । बस अचानक आफै अनियन्त्रित भई सडकको भित्तामा ठोकिन जाँदा दुर्घटना भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक होम प्रकाश चौधरीले जानकारी दिए । उनका अनुसार घाइते हुनेहरुमा दाङको राजपुर गाउँपालिका -४ का ४० वर्षीय शत्रुघन गुप्ता, घोराही उपमहानगरपालिका ११ का २२ वर्षीय दामोदर रेउले, चालक घोराही उपमहानगरपालिका-१४ का ३५ वर्षीय सन्तोष ढकाल, राजपुर गाउँपालिका -५ की १२ वर्षीया सन्ध्या भण्डारी, सोही गाउँपालिका- ६ की १८ वर्षीया दिल कुमारी रावत, सोही ठाउँकी १० वर्षीया सन्तोषी चौधरी, १९ वर्षीय अजय नेपाली रहेका छन् । यस्तै दुर्घटना राजपुर गाउँपालिका -५ की २३ वर्षीया सिर्जना यादव, १३ वर्षीय आयुष भण्डारी, १५ वर्षीय अभिषेक यादव र घोराही उपमहानगरपालिका -९ का ३५ वर्षीय बसन्त योगी पनि घाइते भएका प्रहरी नायव उपरीक्षक चौधरीले बताए । घाईतेहरुको उद्दार गरी उपचारको लागि तानसेनस्थित युनायटेड मिसन अस्पताल पठाइएको छ । उनीहरुको अवस्था सामन्य रहेको प्रहरीले जनाएको छ ।

## गाउँ-गाउँमा विद्युतीकरण भएपछि लोप भए पानीघट्ट

**ढोरपाटन (बागलुङ),** मंसिर ५/ एक दशक अगाडिसम्म निसीखोलाका दर्जनौँ स्थानमा पानीघट्ट थिए । त्यही घट्टमा यहाँका हजारौँ नागरिकले गहुँ, मकै, फाफर, कोदोलगायत पिसानी गरेर उपभोग गर्थे । तर अहिले कुनै पनि स्थानमा पानीघट्ट भेटिँदैनन् । गाउँ-गाउँमा विद्युतीकरण भएपछि पछिल्लो समय टोलै पच्छिे विद्युतीय मिल बनेका छन् । ग्रामीण जनजीवनसँग जोडिएको पानीघट्ट मिलले विस्थापित बनेका छन् ।

कतिपयले पानीघट्ट चलाएरै जीविकोपार्जनसमेत गर्दै आएका थिए । पानीघट्ट सङ्कटमा परेपछि उनीहरुले पेसा नै बदल्नु परेको छ । निसीखोला गाउँपालिका-३ का नबहादुर मगरले करिब १२ वर्ष दुई पानीघट्ट सञ्चालन गरेर परिवार पालेको सुनाउँदै चार वर्षदेखि



अरू पेसा गर्न थालेको बताए । गाउँमा विद्युतीय मिल नहुँदा दिनमै एक मुरीसम्म मकै, गहुँ र कोदो आम्दानी गरेको भन्दै अहिले आफ्नो गाउँमा मात्रै तीनवटा बिजुलीबाट चल्ने मिल रहेको मगरले बताए । विद्युतीय मिलमा भन्दा पानीघट्टमा पिसेको पीठो स्वादिष्ट हुने गरेको मगरले बताए ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## अनुदानको दुरुपयोग रोक

स्थानीय तहमा अनुदानको चरम दुरुपयोग हुने गरेको छ । देशभरका ७ सय ५३ पालिकामध्ये कमैमात्रको आन्तरिक आम्दानी प्रशासनिक खर्च धान्न सक्ने खालको छ । अधिकास संघकै अनुदानमा चलेका छन् । तैपनि त्यही अनुदानको समेत सही सदुपयोग ती पालिकाले गरेका छैनन् । मनलाग्दी खर्चेका छन् । विकास साझेदार निकाय, कूटनीतिक नियोग तथा दूतावासको तर्फबाट मुलुकमा विशेषगरी शिक्षा, स्वास्थ्य, कृषिलगायतका क्षेत्रमा धेरै अनुदान आउने गर्छ । शैक्षिक क्षेत्रका लागि धेरैजसो बस, भवन बनाउन आर्थिक सहयोग तथा छात्रछात्रालाई खाद्यान्न, कापी कलम, पुस्तकलगायत सामग्री अनुदानका रूपमा आउने गर्छन् । कृषि क्षेत्रका लागि उन्नत प्रकारको बीउविजन, औजार तथा स्वास्थ्य क्षेत्रमा एम्बुलेन्स, औषधी, उपकरण जस्ता सामग्री सहयोगावापत आउने गर्छ । तर अनुदानमा दिएको सामग्रीको दुरुपयोग बढ्दो छ । यसो हुनु दुखद् हो । संघ सरकारले पठाउने अनुदान पनि विभिन्न शीर्षकमा हुन्छन् । ससर्त अनुदान निश्चित उद्देश्यका लागि हुन्छ । नि:सर्त अनुदान भनेको पालिकाले मनखुसी खर्चने होइन् । आवश्यकता र प्राथमिकताका आधारमा खर्चनुपर्छ । तर त्यसो हुन सकेको छैन ।

सरकारले किसानलाई लक्षित गरी अनुदान गाउँ-गाउँ पुऱ्याएको छ तर अनुदान लिनकै लागि कृषि फार्म खोल्ने क्रम बढेपछि न कृषि उपज उत्पादन बढेको छ, न गाउँको बाँझो जमिनले हराभरा हुन पाएको छ । अरबौं अनुदान आउने तर उपलब्धि भने शून्य हुने गरेका छन् । भारत सरकारले अनुदानमा दिएका गाडीहरु पनि नेपालमा त्यत्तिकै थन्किएर बसेका छन् । अनुदानमा दिएको त हो नि भन्ने ठानेर बसको सदुपयोगतर्फ ध्यान नदिनु स्कुलको कमजोरी त हो नै, सम्बन्धित स्थानीय तहको पनि बदमासी हो । अनुदान आफैमा राम्रो पक्ष भए पनि यसको दुरुपयोग हुँदा अरबौं रकम त्यत्तिकै स्वाहा भएको छ । स्थानीय तहमा अनुदानको सदुपयोग गर्ने गरी अनुगमनको कुनै संयन्त्र छैन । महालेखाको लेखापरीक्षणमात्रै काफी छैन । अनुदान वितरण गर्ने अर्थ मन्त्रालय र आयोगले नै संयन्त्र बनाउँदा प्रभावकारी अनुगमन हुन सक्थ्यो । संघीयता कार्यान्वयनको आठ वर्ष बितिसक्दा पनि त्यसतर्फ कुनै वास्ता नहुनु राज्यको धनको सदुपयोगमा लापरबाही बन्नु हो । यसर्थ पालिकाहरू स्वयंले आवश्यकताका आधारमा गतिला योजना बनाएर अनुदान सदुपयोग गर्ने दिशामा ध्यान दिन जरुरी छ ।

## Opinion @ Social Network

कर्म र धर्म यदि शुभ छ भने
परिणाम कहिल्यैं खराब हुदैन ।
(विशाल थापाको फेसबुक स्टाटसबाट www.facebook.com/Bishal.Thapa)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# चुनावी वातावरण बिथोल्ने हाम्रा व्यवहार



**शम्भु कोइराला**

प्रतिनिधिसभाका लागि आगामी फागुन २१ गते हुने चुनाव जेन-जी आन्दोलनलाई वैधतादिने अवसर हो । जेन-जी विद्रोहलाई सम्बोधन गर्ने सिलसिलामा बाटो बिराएको संविधानलाई सही बाटोमा ल्याउने अवसर पनि हो । यो अवसर गुम्नु अर्थात् चुनाव नहुनु भनेको प्रतिनिधिसभा पुन:स्थापनाको मार्गचित्रमा मुलुक अगाडि बढ्नुपर्ने बाध्यात्मक परिस्थिति पनि हो । यो भनेको यथास्थितिवादी शक्तिको पुन:स्थापना हो । जेन-जी विद्रोहको सुखद् अवतरण होइन । पुराना राजनीतिक दलहरूका लागि अनपेक्षित जेन-जी विद्रोहबाट परेको आघातलाई पार लगाउँदै तंग्रिने मौका हो । आफूलाई नवीकरण गर्ने मौका पनि हो । आज ठूला कुरा गर्ने दलका नेताहरूले भदौ २४ गतेको राज्यविहीनताको अवस्थालाई स्मरण गर्न जरुरी छ । तत्कालीन अवस्थामा सुशीला कार्कीको प्रधानमन्त्रित्व सबैले अनुमोदन गरेको विषय थियो । अरू कोही अपरिपक्व र उरन्ठेउलो व्यक्तिको हातमा मुलुकको वागडोर जानुभन्दा पृष्ठभूमि, उमेर, कर्म र नैतिकताको कारण कार्कीको चयन हुनुमा तत्कालीन काम चलाउ प्रधानमन्त्री ओली, कांग्रेस सभापति देउवालगायतको सहमति रहेको भन्ने सार्वजनिक भएको विषय हो । जेन-जीहरूको कोणबाट हेर्दा आन्दोलन आफ्नो लक्ष्यबाट बरालिएर प्रतिगमन उन्मुख भएको अवस्थाबाट बचेको हो । यसमा जेन-जी अगुवाहरूको हस्तक्षेपकारी भूमिकाको कारण त्यसो हुनबाट जोगिएको हो । अन्यथा, नेपाली जनताको ठूलो बलिदानीपछि जारी भएको संविधानमा धेरै आघात पुग्ने अवस्था थियो । यी सबै घटनाक्रमलाई बिर्सेर मुलुकमा केही नै भएको छैन र सबैथोक हामी नै हौं भनेझैं गरी गरिएका अनपेक्षित कामकारबाहीले चुनावी वातावरण बिथोलिने मात्र हो । अहिलेको समयको आवश्यकता त्यो होइन । समसामयिक तर अनपेक्षित घटनाक्रमहरूको बारेमा यो आलेखमा चर्चा गरिनेछ ।

### सिमरामा भएको निषेध

पार्टीको कार्यक्रमको सिलसिलामा एमाले नेता महेश बस्नेत लगायतका नेताहरू आउँने सूचना पाएपछि अघिल्लो दिन नै सामाजिक सञ्जालमा जेन-जीको नामबाट अवरोध गर्ने सूचना सम्प्रेषण भएको जानकारी स्थानीय प्रहरीले दिएको छ । सोही सूचनाको आधारमा सिमरा विमानस्थलमा जेन-जी समूह जम्मा भएर प्रदर्शन गरेका थिए । सोही कारण परिस्थिति तनावग्रस्त बनेको थियो । नेताहरू उक्त कार्यक्रममा जान सकेनन् । कृर्यु लगाउनुपर्ने परिस्थिति उत्पन्न भयो । प्रधानमन्त्री सुशीला कार्कीले निर्वाचन आयोगमा दर्ता भएका दलहरूसँग चुनावी वातावरण बनाउन छलफल गरिरहेको समयमा सिमरामा तनाव बढिरहेको थियो । चुनावी वातावरणका लागि नेता, कार्यकर्ता र सर्वसाधारण नागरिकको निर्वाध आवागमन अपरिहार्य छ । यस्ता घटना जेन-जीलगायत कुनै पक्षबाट हुनुहुँदैन । नेपाली उखान ‘बुढी मरीभन्दा पनि काल पल्कियो’ भन्ने चिन्ता हो । अन्यत्र पनि यस्ता घटनाक्रम हुन थाले भने यसले चुनावी वातावरणलाई नकारात्मक प्रभाव पार्नेमा शंका छैन । यस्ता घटना हुनु राम्रो होइन तर एमालेका अध्यक्ष स्वयं गालीगलौजमा उत्रिनु शोभनीय विषय होइन । त्यस तहको नेतृत्वले संयमित अभिव्यक्ति दिएर परिस्थिति सामान्य बनाउन अग्रसर बन्नु दीर्घकालीन हितका लागि हुन्छ । सिमरामा भएको राजनीतिक निषेधलाई सबैजसो पार्टीले संयमित रूपमा विरोध जनाएका छन् । जुन स्वाभाविक प्रक्रिया हो । यसमा आफ्ना कमजोरीलाई महसुस गरेर सबै पक्ष सुनि सकेमात्र मुलुकको हितका लागि हुन्छ भन्ने विषयलाई सबै पक्षले हेक्का राख्न जरुरी छ । सिमरा विमानस्थल आसपास क्षेत्रमा परिस्थितिलाई नियन्त्रणमा लिन कफ्र्यु आदेश जारी गर्ने परिस्थिति बन्यो । पछिल्ला केही घटनाक्रमलाई नियाल्दा सुरक्षानिकायले कृर्युलाई सामान्यीकरण गरिरहेको महसुस भएको छ । कृर्यु भनेको असामान्य अवस्था हो । कृर्यु भनेपछि नागरिकमा भयजन्य सतर्कताभाव उत्पन्न हुनुपर्दछ । त्यसको पालना हुनुपर्दछ । कृर्यु लगाउने तयारीका लागि सुरक्षाफौजको तैनाती पर्याप्त हुनुपर्दछ । त्यस्तो तैनाती गरेर कृर्युसमा बाहिर निस्कनेहरूलाई कानुनबमोजिम पक्राउ गर्ने, अवज्ञा गर्नेलाई कठोर कारबाही गर्नसक्ने तैनाती (डिप्लोभमेन्ट) भएपछि मात्र कृर्यु आदेश जारी गर्नु उपयुक्त हुन्छ । यसो गर्न नसक्दा कृर्यु उल्लंघन गर्नेक्रम बढ्दछ । काठमाडौंमा भएको जेन-जी आन्दोलनमा कृर्यु उल्लंघनका घटना व्यापक रूपमा देखिएको थियो । हालै सिमरामा त्यस्तै घटना देखियो ।

यस्ता घटना बढ्दै गए कृर्यु उल्लंघन गरे केही पनि हुनेरहनेछ भन्ने सन्देश प्रवाह हुनसक्छ । त्यस्तो भइरहेको छ । कृर्युको अवस्थामा सिधासाधा मानिसका लागि जनजीवन कष्टप्रद हुने र हुलहुज्जत गर्नेहरूका लागि केही पनि नहुने धारणाको विकास भइरहेको छ । यस्तो अवस्थामा जनतामा झनै असुरक्षाभाव विकसित हुनसक्दछ । यस्तो अवस्थाको फाइदा उठाएर अनपेक्षित घटना हुने र जनजीवन झन् भयावह बन्ने परिस्थिति विकसित हुनसक्दछ । कृर्यु आदेश जारी गरेरमात्र पुग्दैन, त्यस आदेशलाई कार्यान्वयन गर्ने सुरक्षाफौजको तैनाती (डिप्लोमेन्ट) महत्वपूर्ण विषय हो भन्ने सन्दर्भलाई सुरक्षा निकायले हेक्का राख्नुपर्ने हुन्छ । भदौ २४ को अराजक गतिविधिबाट आहत भएको औद्योगिक र व्यापारिक क्षेत्रको बिग्रिएको मनमा मलमपट्टी लाग्न नपाउँदै सिमरा जस्तो औद्योगिक शहरमा भएको घटनाले झन् मर्माहत बनाएको छ । औद्योगिक र व्यापारिक महत्वको शहरको विमानस्थलमा भएको तोडफोड र केही सय मानिसको सडक प्रदर्शनको अवस्थामा नै कृफ्र्यु लगाउने परिस्थिति बन्नु सुरक्षा निकायका लागि सहज अवस्था होइन । हाम्रो जस्तो दलतन्त्रको कारण दलीय दलाली धेरैको पेशा बनेको समाजमा उत्पादन र स्वरोजगार गर्नेहरूको इज्जत छैन । सिमरा घटनाबाट पर्ख र हेरको अवस्थामा रहेका लगानीकर्ताका लागि ठूलो झट्का भएको छ । जुन कुराको सचेतना नेपाली समाजमा छैन । यसमा पुराना राजनीतिक दलभन्दा पनि सुशासनयुक्त, भ्रष्टाचाररहित र समृद्ध समाजका लागि बलिदानी दिन त यार जेन-जी पुस्ता गम्भीर बन्न जरुरी छ । जनकपुर प्रदेशसभामा राजनीतिक गाईजात्राको मञ्चन भयो । एउटा सरकारले विश्वासको मत पाउने परिस्थिति नदेखेको अवस्थामा अर्को सरकार गठन प्रक्रिया सुरु गर्नुपर्नेमा तत्कालीन प्रदेशप्रमुखले ठूलो दलको हैसियतले नेकपा एमालेका संसदीय दलका नेतालाई शपथ ग्रहण गराइदिइन् । बर्दिवासतिरको कुनै जंगल रिसोर्टमा बिहान चार बजेतिर भएको असभ्य शपथ ग्रहणको लज्जाबोध न त शपथ खाने मुख्यमन्त्रीलाई भएको छ न त शपथ गराउने प्रदेश प्रमुखलाई । बिरामी भएको कारण देखाउँदै बिदा भएकी प्रदेश प्रमुखको यो आचरण पदीयमर्यादाविपरीत, असंसदीय र अनैतिक हो भनेर व्यापक आलोचना भयो । सरकारले उनलाई पदमुक्त पनि गऱ्यो । एमाले संसदीय दलका नेताको यो कामको विरोध गर्दै एमालेबाहेकका दल आन्दोलनमा उत्रिए । तोडफोडलगायतका अमर्यादित कामहरू पनि भए । सभामुखउपर विपक्षीदलहरूले अविश्वास प्रस्ताव दर्ता गरेपछि त्यसको जवाफमा सभामुखले पनि लगातार अनुपस्थित भएको बाहना बनाएर पाँच सांसदको पद खारेज गर्ने निर्णय गरे । यद्यपि, सर्वोच्च अदालतको अन्तरिम आदेशको कारण यो निर्णय कार्यान्वयन हुनबाट रोकिएको छ । सभामुख उपरको अविश्वास प्रस्तावमाथि छलफल र मतदान भएर दुई तिहाइ बहुमतबाट अविश्वास प्रस्ताव पारित भएर सभामुख पदमुक्त भइसकेका छन् । यस घटनालाई कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले अराजनीतिक भनेर शालीन टिप्पणी गर्नु भएको छ । अन्य कतिपय दलका नेताहरूले कठोर टिप्पणी गरेका छन् । अब चर्चा गरौं-अहिलेको समयमा यस्ता घटना नेपाली जनताले अपेक्षा गरेको हो ? नेपाली समाजमा संघीय प्रणालीले परिणाम दिन सकेन, यो बोझ भयो भनेर आलोचना भइरहेको छ । यस्ता आलोचना कतिपय पूर्वाग्रह प्रेरित पनि छन् । केही वास्तविकतामा आधारित पनि छन् । जसले आजको दिनमा संघीय प्रणाली बोझिलो र असफल भयो भनेर आलोचना गरिरहेका छन् र संघीयता खारेज गर्नुपर्छ भनेर भनिरहेका छन्, उनीहरूले संघीय प्रणाली स्थापनाका लागि नेपाली जनताले गरेको आन्दोलनमा ठूलो बलिदानी भएको छ भन्ने विषयलाई बिर्सनु हुँदैन । खसेको टिप्दा पोल्टाको झर्ने अवस्था बन्नु हुँदैन । तर, संघीय प्रणालीलाई सबल बनाउनुपर्ने पात्रहरू यसलाई बद्नाम बनाउन उद्यत् भएको देखिँदैछ । तत्कालीन प्रदेशप्रमुख सुमित्रा सुवेदी भण्डारीले आफ्नो कर्मले आफू नालायक भएको आफैंले पुष्टि गरेर बिदा भइन् । उनी कुनै समयमा कुनै दलको कार्यकर्ता भएको गुन तिरिन् तर मुलुक र संविधानप्रति बेइमानी गरेर बिदा भइन् । यसमा नियुक्तिकर्ता दोषभागी छन् । यस्ता मर्यादित पदहरूमा मर्यादा कायम गर्न नसक्नेलाई नियुक्ति गर्दा कस्तो दुष्परिणाम भोग्नुपर्ने रहेछ भन्ने एउटा उदाहरणको रूपमा यसलाई लिनुपर्दछ । नियुक्ति पाएका मुख्यमन्त्रीले लाजै नमानेर आफूले मुख्यमन्त्रीमा नियुक्त गर्न प्रदेश प्रमुखलाई दबाब दिएको हो भनेका छन् । मुख्यमन्त्रीको लिस्टमा आफ्नो नामांकन गराउन गरिएका यस्ता गलत अभ्यासहरूले संघीय प्रणालीलाई बद्नाम गराइरहेका छन् । दबाब दिने, दबाब मानेर गलत काम गर्ने र यस्ता कामलाई अनुमोदन गर्ने पार्टीको मुख्य नेतृत्व यो गलत अभ्यासका लागि जिम्मेवार छन् । जेन-जी आन्दोलनको भावनाबाट रत्तिभर पाठ नसिकेको र नसच्चिएको उदाहरण हो-यो घटना । जेन-जी आन्दोलनको कारण कमजोर मनोबलमा रहेका नेपाल प्रहरीलगायत सुरक्षा निकाय यस्ता कामको व्यवस्थापनमा लाग्नुपर्ने परिस्थितिले फागुनमा गरिने भनिएको निर्वाचनको वातावरणलाई कमजोर बनाइरहेको छ । यस्ता घटनाको कारण नागरिक तहमा निराशा बढिरहेको छ । संघीयताको आलोचना गर्नेहरूलाई बल पुगिरहेको छ । चुनावको वातावरणका लागि सुरक्षा निकायको सुरक्षा योजना र तदनुरूपको कार्यान्वयन तथा तैनाती महत्वपूर्ण विषय हो । त्यसभन्दा महत्वपूर्ण हो-चुनावमा भाग लिने खेलाडीबीचको मर्यादित समझदारी । चुनावमा सहभागी हुने, शान्त र संयमित भई जनतामाझ आफ्ना कुराहरू राख्ने, निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित बनाउन सबै प्रयत्नशील रहने, निष्पक्ष रूपमा भएको निर्वाचनको नतिजालाई सबै पक्षले स्वीकार गर्ने, यसलाई संस्कारको रूपमा विकास गर्ने, पछिल्लो पुस्ताका लागि सभ्य र मर्यादित समाज बनाउन लागिपर्ने । यसो गर्न सकेमात्र व्यवहारमा लोकतान्त्रिक संस्कार देखिनेछ । यसको अभावमा सुरक्षा तैनाथीमात्र चुनावी वातावरणका लागि सबैथोक होइन । प्रतिशोध र निषेधले पाकिस्तान र बंगलादेशको प्रजातन्त्रको दिशामा हाम्रो राजनीति अगाडि बढ्नेछ । हामीले चाहेको यस्तै हो र ? होइन भने चुनावी वातावरण बिथोल्ने किसिमका हाम्रा व्यवहार र संस्कारलाई परिवर्तन गर्न जरुरी छ ।

*-इहिमालय टाइम्स डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पिटल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेफ्काई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नर्यामिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०७०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** :सवारी साधनबाट चलाउँदा सावधान रहनुहोला। सरल बाणीको प्रयोग गर्नुहोस्।
**वृष** : दाम्पत्य जीवन सुमधुर रहनेछ। व्यापार व्यवसायमा लाभ रहनेछ।
**मिथुन** : सहकारी संस्थाबाट लाभ मिल्ला। प्रतियोगी परीक्षामा सफलता मिल्नेछ।
**कर्कट** : शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ। विपरीत लिंगप्रति आकर्षण बढ्नेछ।
**सिंह** : यवसायमा पारदर्शिता राख्नुहोस्। कार्यक्षेत्रमा दोहोराएर कार्य गर्नुपर्ला।
**कन्या** : योजनाबद्ध तरिकाले कार्य गर्नुहोस् सफलता मिल्नेछ। नयाँ कार्यको प्रस्ताव मिल्नेछ।
**तुला** : प्रतिस्पर्धीलाई सजिलै पराजित गर्न सकिनेछ। ठनपाठनमा लाग्नेछ।
**बृश्चिक** : सामाजिक प्रतिष्ठा बढ्नेछ। प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ।
**धनु** : स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। व्यक्तिको विश्वास नगर्नुहोला।
**मकर** : प्रतिष्ठित कार्य गर्ने अवसर मिल्नेछ। योजनाहरू पूरा गर्ने समय रहेको छ।
**कुम्भ** : धैर्य र पराक्रममा वृद्धी हुनेछ। सोचेको कार्यमा सफलता मिल्नेछ।
**मिन** : कार्यक्षेत्रमा मेहनत धेरै लाग्नेछ। अवसरको लागि दौडधुप गर्नुपर्ला।

# साहित्य दर्पण

निबन्ध — डा. गणेशप्रसाद भट्टराई

## मेरो रुवाइमा तिम्रो हाँसो

*पराईको पीडामा आफूलाई मानिस सावित गर्ने अवसर भएर हो कि आजभोलि अरूका स्वप्न ढल्दा मेरो निद्रा लुटिन्छ । अरुका पीडा घोलिएर मेरो आँसुको भँगालो कढेको बढ्यै हुन्छ । जब म बाटामा पाइला राख्छु, अरूका तिरस्कृत दृष्टि मेरो छातीमा धमिलो पानीका छिटा बनेर छ्यापिन्छन् । यति बेला म पराई हाँसोमा ताली बजाउन सक्दिनँ अनि पराई रोदनमा आँसु रोक्न पनि सक्दिनँ । अरूका साँभ्कले माभ्किँदै गएको मेरो मनको दियो नजलाउन पनि सक्दिनँ । कसैको मन भत्किएको आवाजले मेरा नसा काप्छन् । सायद पराई पीडाको चोट उसैसँग हुन्छ तर धड्कन मेरो अत्तालिन्छ । खै किन चोट उसलाई लाग्छ तर मलाई च्वास्स देख्छ । मनको अर्को पाटो खोलेर हेर्छु, मेरो पीडाको भित्तो पनि चिरा परेको छ । यो थाहा पाउनासाथ कसैको हाँसो हाम फालेर त्यही चिराबाट भित्र पस्छ ।*

रुवाइ र हाँसोको संवेग सायद सृष्टि कालदेखि सुरु भयो । संवेगभित्रको संवेदना कहिले सुरु भयो थाहा छैन तर हाँसो र रुवाइ दिन र रातझैँ लाग्छन् । अरुको रुवाइमा आफ्नो हाँसो वा आफ्नो रुवाइमा अरुको हाँसो पीडादायी हुन्छ । रुवाइ र हाँसो दुवैको मापो सायद रुवाइसँग नै हुन्छ, हाँसो त्यसमा बेखबर रहन्छ । म अरुको दुःख सम्भन्छु, तिनको दुःख र पीडा छिनेँबित्तिकै मेरा आँखामा बादल मडारिन थाल्छ । एकछिन मडारिनासाथ वर्षा सुरु हुन्छ र गहमा भेल आउँछ । परको घाउ हेर्दा पनि मेरो मनमा चरक्क चिरिएर पुरानो चिरा फाट्न थाल्छ । कानको काम आवाज सुन्ने हो । कसैको आँसुको आवाज सुन्नेबित्तिकै मेरा कानमा ज्वालामुखी विष्फोट हुन्छ र मेरो मुटु सानामा हाम फालेर दौडँदा आफैँ ढलेको जस्तै गरी ढल्छ । त्यही बेला पराई दुःखको छाया मेरो कपालमा बसेर केशराशि भिजाइदिन्छ । न्यानो घामले केश नसुकुन्जेल म भिजिरहन्छु । सानामा म लड्दा उठाउने कोही हुन्थ्यो, अहिले म लड्दा उठाउनेभन्दा सुताउने धेर देख्छु । मानिस बदलियो कि मन, जमाना दोधारमै छ । अरूका सपना फुट्दा मेरो मन पनि काँचका ससाना चिरामा परिणत हुन्छ ।

ऐनाले अनुहार देखाउनै छाड्छ । साना चिरामा ठुलो वह भित्रिन्छ । कसैका अभागी दिन हेर्दा मेरा उज्याला बिहान आफैँ ओझेल पर्न थाल्छन् । अरूको रुवाइ देख्दा मेरो मनमा हरेक पटक पोखरी जम्छ र छाल उरालेर छचल्किन थाल्छ । परको चोट भित्र पस्यो भने त आत्माले समेत आफ्नै धड्कन बिर्सन्छ र म प्रश्वासको खोजीमा भौँतारिन्छु । खै किन अरूका आँसुले सधैँ मेरो मनको सागरमा ज्वारभाटा ल्याइदिन्छन् र भन्छन् के तेरो आँसुमा पनि कसैले पोखरी खनेको होला ? के आँसुको बजार मूल्य निर्धारण गर्ने कुनै निकाय होला ? लाग्छ आँसुको विश्वकोश लेखिनै बाँकी छ । कसैको जिन्दगी ढलेको देख्दा मेरो मनको भग्नावशेष भासिन्छ । पराई चोटले आग्लो खटखट्याउँदा मेरो मनको झ्याल मच्चिएर बन्द हुन्छ । अरूको पीडा मनले सुन्नेबित्तिकै मेरो नजिकका पहाडले समेत ढुक्क भएर धुलो झार्छन् । किन रोयौ भन्ने साहस मेरा ओठमा आउँदैनन् र आँसुले नै जवाफ दिन थाल्छन् । मानिसको रुवाइका चार तह हुन्छन् । पहिलो तहमा मन रुन्छ, देखिँदैन । दोस्रो तहमा मुखाकृति रुन्छ, देखिन्छ । तेस्रो तहमा आँसु रुन्छ, अनुभूत हुन्छ अनि चौथो तहमा डाँको रुन्छ र संवेदना बन्छ । म अरुको संवेदना बुझ्छु तर मेरो संवेदनको बजारभाउ खस्केको खस्क्यै छ । यसप्रति कसैको समालोचनात्मक चेत खुलेको छैन । पीडाको सुगन्ध कसैको हावामा मिसियो भने मेरो फदय पहिले नै गन्हाउन थाल्छ । अरूका दिनलाई अन्धकारले छोप्दा मेरो उज्यालो बत्ती बल्न हिच्किचाउँछ । म छिमेकीको अभाव देख्छु, मेरो पेट आफैँ भरिएर टन्न हुन्छ । अरूका घाउमा औषधि खोज्दै जाँदा आफ्नै दिमागका चोट बिउँभिन्छन् । परको रोदन सुन्छु, मनको छाल नदीजस्तै उक्लिने ओर्लिने गरिरहन्छ । अरूले अन्धकार भोगको देख्छु, मनको बत्ती धिपधिपाउन थाल्छ । पराईको निन्द्राविहीन रातले समेत मेरा आँखामा चिरा पारिदिन्छ । उनका फुटेका खुट्टा देख्दा मेरो नङमा उचेरा फाट्छ । खै किन हो, पराई दुःखले मायाको भित्तो छुँदा दिलको भित्तो आफैँ भत्किन्छ । पराईको पीडामा आफूलाई मानिस सावित गर्ने अवसर भएर हो कि आजभोलि अरूका स्वप्न ढल्दा मेरो निद्रा लुटिन्छ । अरुका पीडा घोलिएर मेरो आँसुको भँगालो कढेको बढ्यै हुन्छ । जब म बाटामा पाइला राख्छु, अरूका तिरस्कृत दृष्टि मेरो छातीमा धमिलो पानीका छिटा बनेर छ्यापिन्छन् । यति बेला म पराई हाँसोमा ताली बजाउन सक्दिनँ अनि पराई रोदनमा आँसु रोक्न पनि सक्दिनँ । अरूका साँभ्कले माभ्किँदै गएको मेरो मनको दियो नजलाउन पनि सक्दिनँ । कसैको मन भत्किएको आवाजले मेरा नसा काप्छन् । सायद पराई पीडाको चोट उसैसँग हुन्छ तर धड्कन मेरो अत्तालिन्छ । खै किन चोट उसलाई लाग्छ तर मलाई च्वास्स देख्छ । मनको अर्को पाटो खोलेर हेर्छु, मेरो पीडाको भित्तो पनि चिरा परेको छ । यो थाहा पाउनासाथ कसैको हाँसो हाम फालेर त्यही चिराबाट भित्र पस्छ । मेरा आँसुको तालमा गायकहरू रमाइलो गीत गाइदिन्छन् र नर्तक छमछमी नाच्छन् । मेरो ढलेको मनमा अरू हास्यप्रहसन गर्छन् र टिकट बेचेर थैली भर्छन् । म अन्धकारमा डुब्दा तिनले टर्च देखाउँदैनन्, टर्चजस्तै हाँसोले चकव्यूह देखाउँछन् । म जति निस्कन खोज्छु, त्यति नै भित्र पसेर हराउँछु । सुनेको थिएँ कसैको चिहान खनिएको मौन दिन अरूको मनोरञ्जनको पात्रो फेरिने दिन बन्छ । आगामा डुब्दा पानीको झ्याइँ गर्ने पानीले चिसा ढुङ्गामा छ्याप्दा आवाज लुकाउँछ । जमिनले नधान्ने गरी म ढल्दा तिनका हाँसोले आकाश ढाक्छ । मेरो चिसो आँसुमा अट्टहास उर्लिन्छ । मानिस छ तरिकाले हाँस्छ रे । म मृत्युशैय्यामा चढ्न लाग्दा अट्टहास पाल्नेहरूले मलाई स्मित मुस्कान पैँचो दिँदैनन् । मेरो पीडा सडकमा चिच्याउँदा जीवनको विचित्र व्यङ्ग्यको प्रहसनमा हाँसो र ताली सुनिन्छ । मैले बोकेको पहाडले अरूका लागि बिनामूल्य मनोरञ्जन दिन्छ । यसैलाई जमानाको असली रूप मानिन्छ । आखिर जमाना पनि त बहुरूपी छ । अरूका आँखामा मेरा रातमा ताराको चमचमाहट देखिन्न, चिसो चन्द्रमाले परैबाट हेरिरहन्छ । मेरो घाउको रङ समीक्षकको जिब्राको हास्यरस बन्छ । म वर्षे भेलमा डुब्दै गर्दा किनारामा मानिसहरू चियापान गरिरहन्छन् । नशालाई शान ठान्नेहरू महमा रत्तिँदैनन् । अनुभूति परिवेशसापेक्ष हुन्छ । यसमा संवेदना घुल्दैन । म हारेको दिन तिनका लागि मौसम सफा बनेर घाम लाग्छ । मेरो विफलता उसलाई मिठो लाग्छ, ऊ मलाई नसोधी फिस्स हाँस्छ । मेरा पखेँटा झर्दा ऊ उड्दै हुन्छ । मैले कठोर समय भोग्दा ऊ मलाई पृष्ठभूमिमा राखेर सेल्फी खिच्दै हुन्छ । आँसु बगेका मेरा आँखालाई उसले भिजेको डोब देख्छ र मलाई हटाएर सेल्फी दोहोऱ्याउँछ । मेरो मौनतामा ऊ मेरै आवाज छोपेर वनभोजमा रमाउँछ । म कागजको पाना च्यातिएझैँ च्यातिन्छु, खै किन ऊ ढुङ्गामा ढुङ्गा बज्रिएझैँ हाँसो निकाल्दै डुङ्गा दौडाउँछ ।

सपना उस्तै हुनुपर्ने हो तर मेरा अपूर्ण सपना तिनका मनमा पूरा हुन्छन् र फक्रन्छन् । मेरो घाउको पिप र गन्धमा अरूले मनोरञ्जनको सुगन्ध भेट्छन् । म भत्किएको पुल हुँ, मैलाई टेकेर अरु हिँड्न चाहन्छन् तर मैले नहिँड्न सम्भाउँदा अरू किनारामा उभिएर हाँस्छन् । मेरा आशा क्षणक्षणमा फुटिरहन्छन्, यो देखेर कतिपय विशिष्टताधारी उत्कृष्ट शैलीमा चहकिलो हाँसो फाल्छन् । मेरो चर्किएको आवाजमा तिनले व्यङ्ग्यको धुन घोलेर सङ्गीत भर्छन् । मेरा आँसुका थोपाले तिनका ओठमा बास्नादार फूल फुलाउँछन् । मेरो सहाराको त्यान्द्रो सुक्दा तिनका करेसामा हास्य बगैँचा लहलहाउँछ । मेरो आँसुले कसैको फदय पग्लँदैन तर हाँसोको बगैँचा तयार हुन्छ । मेरो मौन पीडा र कहालीलाग्दो मनोरञ्जनसँग के सम्बन्ध होला र म छायाजस्तै हराउँदा ती प्रकाशजस्तै चम्किन्छन् ? के कुनै काव्यमा विरोधाभाषी सुन्दर घाउको वर्णन छ ? रुवाइलाई हाँसोले हेप्नुहुन्न । रुवाइको पीडा र हाँसोको उन्माद दुई क्षितिजका संवेदना हुन् । म हाँसोको उत्पीडनमा रुवाइको कहानी लेख्न चाहन्छु ।

*-समकालीन साहित्य डटकम*

कथा — बुद्धमणि ढकाल

# दुई मुग्लानेको कथा

*बजार टाढा छ, नून-तेल खान दुई दिन हिँडेर किन्न जानुपर्छ । मगर माइलाले एक जोड पुराना गोल्डस्टार जुत्ता लगाएको थियो, जसलाई ठाउँ ठाउँ सिएर अड्याएको थियो ।*

"तीज सकियो । तीज पछिका दिनमा चाडपर्व गाउँघर भित्रिन्छन् । वर्षादको पानी घट्दै जान्छ । खोला खोल्सामा पानी सङ्लो हुनथाल्छ । गोरेटो र गाईवस्तु हिँड्ने गल्लीमा हिलो सुक्दै जान्छ । कोदो रोप्ने बेला यो । भर्खर रोपाइँ सकिएका खेतमा धानको बेर्ना हरियो फिरेको हुन्छ । आलीमा रोपेको मास उम्रेको होला ।" दिलबहादुरको मानसपटलमा यो खाले चित्रहरू बन्ने गर्छन् समय अन्तरालमा । बिहान कम्पनीको ड्युटी जानुअघि घर-गाउँको यादमा ऊ भावातीत भैरहेको थियो । कोठामा सँगै बस्ने अरू साथीहरू कामबाट आइपुगेका थिएनन् । मनमनै यादहरूमा खेल्दै र ओठले सुसेला बजाउँदै ऊ काममा जान सुस्त तयारी गर्दै थियो । "दिलबहादुर, आज काममा नजाने तिमी ?" युधिर बस्नेत नाइट ड्युटी सकेर आइपुगे । "जान्छु, किन नजाने र । आज अलि अल्छी जाग्यो ।" दिलबहादुरले उमालेको पानी तुम्लेटमा हाल्यो, दिउँसोको खाजा पोको पाऱ्यो र भोलामा राख्यो । भर्खर इस्त्री लगाएर राखेका कम्पनीकै वर्दी सुट भिकेर लगायो र बुटमा पालिस घस्न बस्यो । सर्टको देब्रे बाउलामा थियो कम्पनी छाप: वोर्ल्ड सेकुरिटी सेर्भिसेस । "युधिर तिमीलाई खाना राखिदिएको छु है ।" दिलबहादुरले विद्युत् चुलोमाथि भात र तरकारी छोपेर छाडेको थियो । दिलबहादुर यो काममा लागेको चार वर्ष भयो । वैदेशिक रोजगारमा पठाउने मानव श्रमशक्ति कम्पनीका ठेकेदारलाई साबिक दस्तुरभन्दा बढी पैसा बुझाएर ऊ यहाँ काम पाउन सफल भएको थियो । विगतमा छापामार युद्धमा लडाकु भएको फाइदा पायो उसले । दिलबहादुर गाउँको स्कूलमा नौ कक्षामा पढ्थ्यो जुन बेला एकदिन साथीहरूसँग एकजना नेताको कुरा सुन्न खोल्सापारिको बाँसघारी गएको थियो ।

अर्को साल एस. एल. सी परीक्षाको तयारी गर्दै गर्दा गाउँबाट हराएका केही तन्नेरीहरू उसको घरमै आएका थिए । "म त अहिले त्यो बाटो हिँड्न तयार छैन । मेरो माल्दाजु हराएको धेरै वर्ष भयो । उसको अहिलेसम्म अत्तोपत्तो छैन । म एस. एल. सी. को जाँच दिएर तपाईंहरूसँग भेट्न आउँछु ।" दिलबहादुरकी आमाले पकाइदिएका कोदोका रोटी र थेबेको अचारमा रमाएर ती गुप्तबासी साथीहरू फर्केका थिए । आमाले सानो स्वरमा दिलबहादुरलाई सम्भाएकी थिइन् - "वर्षौं अघिदेखि मानिल्याएको राजा देउता, गाउँको भूत-प्रेत, रीति चलन ती अल्लारेले भनेको भरमा छोड्न सक्दिनँ । लाटा निमुखा हामी गाउँलेका बलमा उनीहरू क्रान्ति गर्ने रे ? कुरा ठिकैजस्तो लागे पनि तिनले लिएको बाटो ठीक लागेन है कान्छा, मलाई ।" एस. एल. सी. गरिसके पछि दिलबहादुर आमाको सहयोगी भएर घरमै बसेको थियो । भदौको कुसे औंसी पछि मधेसतिरको अलि ठूलो बजार जान सहज हुन्थ्यो, बर्खे झरी कम भएकाले र साना खोल्सा खोला हिँडेर तर्न सकने भएपछि । दिलबहादुर यस्तै एक दिन दशैंको सौदा किन्न मधेस झरेको हो । ऊ फेरि घर फर्केन । त्यसपछि ... ... ... ... ... दिलबहादुर थापा एरिया कमान्डर ! दिलबहादुर थापा छापामार रेडियो प्रसारण सञ्चालक ! दिलबहादुरको कमाण्डले कुभिन्डे प्रहरी बिट कब्जा ! दिलबहादुरको बुद्धिमानी कारबाहीका कारण सैनिक सुरक्षा घेराबाट दश छापामार उम्कन सफल ! -यस्ता थिए छापामार युद्धको समाचार टुक्राहरू, दिलबहादुरकी आमाले सुनेकी । आमाको मन हो - चिन्ताग्रस्त थियो, हुँडलिरहेको थियो । छोरो घर फर्किने हो होइन, गहिरो पीडाबोध थियो । त्रास र आश सँगसँगै । थुप्रै लडाकु मारिएको, सैनिकले गाउँ पसेर घर घरमा खानतलासी गरेको र शंका गरेकालाई समातेर लगेको, छापामारले कति धनीमानीलाई अपहरण गरेको खबर उडिरहन्थ्यो हावामा । कति हुनेखानेले गाउँ छोडेर शहरमा डेरा लिएका थिए । जताततै उकुसमुकुसको वातावरण थियो । एक रात दिलबहादुर घर आयो उसको टोली र हतियारसँग । उसले सान्त्वना दियो आमालाई, "अब छिट्टै युद्ध सकिन्छ र देशमा शान्ति हुन्छ । त्यसपछि म घर आउँछु ।" मङ्सिरको धान थन्काएर चौध वर्षे मगर माइलो मधेशको बजार हेर्न हिँडेको, फर्केर घर गएन । पानीटंकीमा मुग्लान हिँडेका एक झुन्ड पहाडियासँग उसको भेट भयो । "ओइ माइलो ! हन तँ पनि पो मुग्लान जाने विचार गरिस् क्या हो ?" कतै चिनेजाने जस्तो स्वरले ऊ त्यता तानियो । दोभान छेउका कालिकोटे जेठा रहेछन् उसले चिनेका । "कोइलाखानी खुलेको छ रे मेघाले भन्ने ठाउँमा । पैसा कमाउन सकिन्छ रे, धान फल्ने खेत पाइन्छ रे कमाउन ।" कोइलाखानीको पैसाको लोभले उसलाई पनि तान्यो। पहाडबाट मधेस पसेकाहरूसँगै मगर माइलो हानियो असम जाने रेलमा चढेर । दरभङ्गाको डागीहाटमा माइलाले पहाड घरबाट बोकील्याको मास कइया, कैँयाको पल्लामा जोख्याँ जम्मा १२ के. जी भयो । उसले थाप्यो नाथे ३६ भा. रेलको टिकटको दाम पचास रुपियाँ - तेजपुर ठूलो चाराली स्टेसनसम्म। पानीटंकी रेल्वे स्टेसनसम्म बसको भाडा तीन रुपियाँ । पहाडमा गरीबी छ, खेत बारीको कमाइले वर्षभरि खान पुग्दैन । पैसाको मुख देख्ने बाटो छैन । फाटेका र टालेका लुगाले आङ ढाक्नु छ, जाडो गर्मी छल्नु छ । बजार टाढा छ, नून-तेल खान दुई दिन हिँडेर किन्न जानुपर्छ । मगर माइलाले एक जोड पुराना गोल्डस्टार जुत्ता लगाएको थियो, जसलाई ठाउँ ठाउँ सिएर अड्याएको थियो । बजार हिँड्ने बेला आमालाई खास केही भनेको थिएन। दश वर्षे भाइ र चालिस नाघेकी आमालाई छोड्ने र मुग्लान भासिने सोच ऊ भित्र कहिले पस्यो ऊ आफै जान्दैन । एक कारण गरीबीको चक्रह अर्को - मुग्लान पसेर राम्रो लाउने, मीठो खाने, रेल, मोटर र जहाज चढेर देश हेर्ने सपनाले पहाडका गाउँबाट तन्नेरीहरू निस्केको मगर माइलाले बेला बेला देखेको, बुझेको थियो । यस पाली उसलाई पनि ठाँटबाँट लाहुरे जस्तो भएर घर फर्कने धोको पूरा गर्ने सुर आयो र आँट गऱ्यो । अरूले जस्तै उसले पनि कमाइ गर्छु र घरलाई गरीबीबाट मुक्त गराउँछु भन्ने कलिलो सपना रेल्वे स्टेसनमा रेल पर्खुन्जेल बसेको बेला देख्यो । ठूलो चाराली स्टेसन पुग्दासम्म ती सात पहाडे प्राणीलाई समय कति पुग्यो थाहा थिएन । दुई दिन दुई रात रेल कुदेको उनीहरूलाई पत्तो भएन । भिसमिसेमा रेल रोकिँदा र टि टिले कराउँदा मात्र उनीहरूले थाहा पाए - ओर्लिने ठाउँ आइपुगेछ भनेर । मगर माइलो कालिकोटे जेठाको सहारा खोज्थ्यो - कहाँ जाने, के खाने र कहाँ बस्ने बन्दोबस्त गर्न । मेघालयका खसिया पहाडमा कोइलाखानी खुलेको सुनेका थिए कालिकोटे र मगर माइलाले । तर त्यहाँ जाने जोरजाम नभएसम्म उनीहरू ब्रह्मपुत्र नदीको फाँटमा बसेका गोठमा गोठालो बस्न पाइन्छ कि भनेर सोधी हिंडे । एक गोर्खालीले उचित तनखा दिने र थिचोमिचो हुन नदिने कबोल गरेर राखे । दैव भेटिएजस्तो भयो उनीहरूलाई । सत्तरी पुच्छर गाई र भैंसी रहेछन् उनका गोठमा । गोठलाई त्यहाँ खुट्टी भन्दा रहेछन्। उनीहरू खुट्टीवाला भए । "माइला, अब यतै बसेर हामी पनि आफ्नै गोठ थाल्नु पर्छ । कोइलामा काम गर्न सकिँदैन होला । पैसाको मात्र के लोभ, ज्यानको पनि ख्याल गर्नुपर्छ । पछि घर फर्कँदा किन फुस्रो अनुहार लिएर जानु ?" "हो नि जेठो काका । दही मोही खान पनि पाइने, मालिकको खटन पनि कम हुनेरहेछ यहाँ । गाई वस्तु चराउन र अघाउन त जानेकै छु नि ।" खुट्टीमा यसरी नै गाई-वस्तुको मायामा अल्भ्रेर इमानदार गोर्खालीको चिनारी फिँजाए यिनले । "एकतीस वर्ष बितेछन् यहाँ बसेकोह घरजम यतै गरियो" मगर माइलो किन्च हाँसेर भन्दै थियो । बेलीबिस्तार लगायो उसले पहाड छोडेको कथा । "मेरो छोरो पनि उतै गाको छ नि, तैंले भेटिनस् कान्छा ?" माइलो दाजुको कुरा सुनेर दिलबहादुरलाई छक्क लाग्यो । "कहाँ भेटिन्छ हौ त्यति ठूलो देश र दुनियाँमा । फेरि कुन ठाउँ र कुन देश हो थाहा भए पो ।" "तिमी त यहाँबाट हिंडेपछि फर्केर आएनौ। सबै बिर्स्यौ ।

आमा यहाँ एक्लै हुनुभयो।" दिलबहादुरले थोरै गुनासो पोख्यो । "नैसकेपछि अलिकति जोडजाम नगरी के मुख लिएर आउने । आमालाई पनि त केही दिन सक्नुपर्ने । बस्दाबस्दै उतै घरजम भयो ।" मगर माइलाको स्पष्टीकरण । "म आएको बेला तँ यहाँ थिइनस् । आमाले तेरो बारे सबै भन्नुभयो । बल्लतल्ल आमालाई भेट्न आइपुगेछु । त्यसपछि त मैले आमालाई देखिन ।" "तिमी बजार गएको दिन त मलाई पनि अलि अलि याद छ । बेलुका अबेलासम्म फर्केर नआएपछि गाउँबाट त्यो दिन बजार गएका अरू गाउँलेलाई सोध्न आमा र म राती पुल्हो बालेर हिंडेका थियौं। चौतारे कान्छाले अलिकति सुइँको दिएपछि मात्र हामी घर आएर सुत्यौं ।" यी दुई दाजुभाइको झन्नै सैतीस वर्ष पछि भेट सम्भव भएको थियो, गाउँका पुराना हेडमास्टरका कारण । यी दुईलाई फेसबुकको विद्युतीय तानोमा जोडिदिएका थिए हेडमास्टरले । तिहार सकिने बित्तिकै दिलबहादुरले घर जाने छुट्टी हाल्यो र हवाईजहाजको टिकट किन्यो । "तेरो माइलो दाजु गाउँ आएको छ । तँ छुट्टी मिलाएर आइहालेस् ।" हेडमास्टरले दिलबहादुरलाई फोनमै हतारो लगाएका थिए । गफ गर्दागर्दै बिहानको भाले बास्न थालेपछि मात्र उनीहरू बिभाएका आँखालाई आराम दिन केही छिन ढल्के । निष्कर्ष यस्तो आयो : भाइ दिलबहादुर कतारको कामलाई टुंग्यो लगाएर घर फर्किने र दाजु माइलोले आफ्नो असमको जायजेथा बेचेर गाउँमा जग्गा किन्ने र सानो कृषि उद्योगमा लगानी गर्ने ।

*-साहित्यपोस्ट डटकम*

# अब लाइसेन्स विवरणको जानकारी फेसबुकबाटै




**पाल्पा,** मंसिर ५/सेवाग्राहीले अब लाइसेन्स विवरणको जानकारी फेसबुकबाटै थाहा पाउने भएका छन् । यातायात व्यवस्था विभागले छपाइ गरी वितरणका लागि तयार भएका सवारी चालक अनुमतिपत्र (लाइसेन्स)को विवरण फेसबुकमा राख्ने भएसँगै सेवाग्राहीले अब फेसबुकबाटै थाहा पाउने भएका हुन् ।

विभागले बिहीबार एक सूचना जारी गरी सुरक्षण मुद्रण केन्द्रबाट छपाइ सम्पन्न भई वितरणका लागि विभागमा प्राप्त भएका अनुमतिपत्रहरूको विवरण विभागको फेसबुक पेज 'हेल्लो यातायात व्यवस्था विभाग'मा प्रकाशन गरिने जानकारी गराएको छ । "सवारी चालक अनुमतिपत्र छपाइका लागि अनलाइन फारम भरी 'एप्रुभ' भएपश्चात ७२ घण्टाभित्र लाइसेन्स लिन आउनुहोला भन्ने जानकारी यसअघि प्रणाली ध्वस्त हुनुअघि आउने गरेको थियो । अब सुरक्षण मुद्रण केन्द्रबाट छपाइ सम्पन्न भई वितरणका लागि विभागमा प्राप्त भएका अनुमतिपत्रहरूको विवरण विभागको फेसबुक पेज 'हेल्लो यातायात व्यवस्था विभाग'मा प्रकाशन गरिने छ" विभागले जारी गरेको सूचनामा भनिएको छ । यसअघि यस्ता लाइसेन्सको जानकारी प्रणालीमार्फत ७२ घण्टाभित्र लाइसेन्स लिन आउनुहोला भनेर सन्देश पठाउने गरिएको थियो । तर जेनजी आन्दोलनमा उक्त प्रणाली ध्वस्त भएको थियो ।

## रैनादेवी छहरामा देवीलाई...

...न्वागी पर्वको अवसर पारेर वडा कार्यालय र रैनादेवी मन्दिर व्यवस्थापन समितिले मन्दिर परिसरमा आएका भक्तजन तथा अतिथिहरुलाई, नयाँ धानको दही र चामल खुवाउने र पालिकास्तरीय मौलिक कलासंस्कृति सहितका विभिन्न किसिमका परम्परागत मौलिक कलासंस्कृति तथा नाच प्रदर्शन गरिने वडा अध्यक्ष प्रदिप पौडेलले जानकारी दिए । मन्दिर परिसरमा लोपोन्मुख पञ्चेबाजा, सोरठी, मालश्री, ,ठूलो नाचँ, रत्यौली, झाम्रे चुड्का, लाखे, कौडा मारुनी, जस्ता विभिन्न जात जातीका स्थानीय मौलिक कलासंस्कृति सहितको प्रतियोगिता समेत सञ्चालन गरिने वडा अध्यक्ष पौडेलले बताए । स्थानीय मौलिक कलासंस्कृतिलाई जोगाउन, स्थानीय स्तरमा कलाकार उत्पादन गर्न पालिका स्तरीय कलासंस्कृति प्रतियोगिता सञ्चालन गरिएको गाउँपालिका अध्यक्ष रुक्माङ्गत भट्टराईले बताए । पालिकाको नाम समेत यसै मन्दिरबाट भएको, पालिका भित्रका हरेक वडा तहका धार्मिक आस्थासँगै कला संस्कृतिको जर्गेना गर्ने काममा पालिका लागि परेको अध्यक्ष भट्टराईले बताए । प्रतियोगीतामा प्रथम हुनेलाई १५ हजार दोस्रो हुने टोलीलाई नगद १२ हजार र तेस्रो हुनेलाई १० हजार, सहभागी सबै टोलीहरुलाई ५ हजारका दरले पुरस्कारको व्यवस्था रहेको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष भुपाल सिंह खाम्चाले बताए । यस मन्दिरको अनौठो परम्परागत मान्यता रहेको छ । हालको रैनादेवी मन्दिर भएको जंगल न्यौपाने बाहुनको बारी रहेको थियो । गाईले दैनिक रुपमा दुध नदिएपछि, न्यौपाने बाहुन र छहरी मगरले गाईको पिछा गर्दै जादा बारीको विचमा सुनको मौलोमा दुध चढाईरहेको देखे पछी दुवै जनाले सुनको मौलो खन्दै जादा तल तल भासिदै गयो । सुनको टाउको भाचेर भएपनि लैजान्छु भनी कोदालोको पासोले हान्दा रगताम्य भई रुदै देवी उत्पन्न भएको भनाई रहेको छ । देवी भागेर अन्य स्थान जादै गर्दा दर्लामी र सोमै मगरले रोकी पुजाआजा शुरु गरेको भनाई रहँदै आएको छ । आम रुपमा रोईन देवी, रोईन देवी, भन्दा भन्दै अपभंश भई रैनादेवी हुन गएको बुढापाकको भनाई रहेको छ ।

## गाउँ–गाउँमा विद्युतीकरण...

...पानीघट्ट चल्दा खोलको पानी सदुपयोग भए पनि अहिले यतिकै खेर गइरहेको उनको भनाइ छ । एक दशक अगाडिसम्म निसीखोलामा मात्रै झन्डै ५० वटा बढी पानीघट्ट चल्ने गरेको भन्दै अहिले दुई/चार ठाउँमा मात्रै रहेको मगरले बताए । ती पनि सञ्चालन नहुँदा जीर्ण बनेको उनी बताउन्छन् । मगरले भने "गाउँमा बिजुली आएको धेरै वर्ष भएको छैन, बिजुली नहुँद पानीघट्ट र पानीमिल मात्रै चल्थे, पानी मिल बनाउन धेरै खर्च लाग्ने हुँदा एक/दुई ठाउँमा मात्रै हुन्थे, तर पानीघट्ट ठाउँ-ठाउँमा हुन्थे, मानिसले केही पिस्न परे घट्टमै जाने गर्थे, तर अहिले त टोलटोलमा नै मिल चल्ने भएपछि पानी घट्टको महत्व हरायो, घट्ट चल्ने बेला मैले महिनामै बीसौं हजारको आम्दानी गर्थे ।" बागलुङका अधिकांश स-साना खोला किनारमा सानो टहरोमा पानीघट्ट बनाइन्यो । तर अहिले त्यो अवस्था छैन । बजारी क्षेत्रभन्दा ग्रामीण भेगमा बढी प्रचलित पानीघट्ट आधुनिक प्रविधिको विकासले लोप भएको गलकोट नगरपालिका-८ थमबहादुर खत्री बताए । पहिले गलकोट क्षेत्रमा दर्जनौं पानीघट्ट सञ्चालन हुने गरेको भन्दै अहिले कहींकतै देख्न नपाइने बताए । मिलमा भन्दा पानीघट्टमा पिसेको पीठो स्वादिष्ट हुने र महिनौंसम्म पनि ढुसी नलाग्ने उनको भनाइ छ । उनले मिलमा पिसेको पीठो एक महिनामै बिग्रिने गरेको बताए । "गाउँघरमा पीठो बिस्ने कि जाँतोमै हो कि त पानीघट्टमै हो, हामी सानो हुँदा एक डेढ घण्टा लगाएर घट्टमा सातु र पीठो पिस्न जाने गर्थ्यौं, घट्टमा पालो कुरेर बस्नेको लाइन हुन्थ्यो, अहिले त एउटा गाउँमा धेरै बिजुलीबाट चल्ने मिल बनाएका छन्," खत्रीले भने, "छिटो पनि हुँदोरैछ, कुटानी-पिसानी दुवै काम हुनेहुँदा पानीघट्टको प्रयोग गर्न छाडिएको छ, अब त त्यो जमाना फेरि आउँदैन होला, मिलहरु पनि आधुनिक किसिमका आउन थाले ।" हरेक गाउँमा मिल सञ्चालनमा आएपछि घट्ट प्रयोगविहीन बनेका छन् । प्रयोगविहीन बनेको घट्ट जीर्ण बनेका छन् भने त्यसका पार्टपुर्जा पनि कामै नलाग्ने गरी बिग्रिएको अवस्थामा छन् । गाउँमा मिलको चलन आउनुभन्दा पहिले खोला किनारमा पानीघट्ट सञ्चालन गरी केही स्थानीयले आफ्नो जीविकोपार्जन समेत त्यहीबाट गर्दै आएका थिए । तर मिलले घट्ट विस्थापित गरी दिएपछि पानीघट्ट सञ्चालकले पेसा परिवर्तन गर्नु परेको छ । *-रासस*

### खेलकुद समाचार

## चितवनलाई हराउँदै लुम्बिनीको विजयी शुरुवात



**काठमाडौं,** मंसिर ४/दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटमा लुम्बिनी लायन्सले विजयी शुरुवात गरेको छ । लुम्बिनीले चितवन राइनोजलाई ६ विकेटले हराएको हो । चितवनले दिएको एक सय ४३ रनको लक्ष्य पछ्याएको लुम्बिनीले १८ ओभर ३ बलमा ४ विकेट गुमाएर भेटायो । लुम्बिनीका गुल्बादिन नइबले अविजित ४४, कप्तान रोहितकुमार पौडेलले ३९ र सन्दीप जोराले २८ रन बनाए । चितवनका रिजन ढकालले २ र सोहेल तानवीरले १ विकेट लिए । त्यसअघि कीर्तिपुरको त्रिवि क्रिकेट मैदानमा टस हारेर ब्याटिङ गरेको चितवनले २० ओभरमा ७ विकेट गुमाएर १ सय ४२ रन बनाएको थियो । चितवनका रवि बोपाराले ६६ रन बनाए । प्रतियोगितामा बोपाराको यो लगातार दोस्रो अर्धशतक हो । लुम्बिनीका रुबेन ट्रम्पेलम्यानले ३, अभिशेष गौतम र गुल्बादिन नइबले २ विकेट लिए । चितवनले यसअघि आफ्नो पहिलो खेलमा कर्णाली याक्सलाई हराएको थियो । एनपीएलमा चितवन, लुम्बिनी, काठमान्डु गोर्खाज, सुदूरपश्चिम रोयल्स, जनकपुर बोल्ट्स, विराटनगर किङ्गस, कर्णाली याक्स र पोखरा एभेन्जर्स गरी आठ वटा टोली सहभागी छन् । मङ्सिर १ गतेदेखि शुरू भएको प्रतियोगिताको फाइनल खेल यही मङ्सिर २७ गते हुनेछ ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत
डस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

### अर्थ/कर्पोरेट समाचार

## भैरहवामा सातौं लुम्बिनी महोत्सव



**बुटवल,** मंसिर ५/रुपन्देहीको भैरहवामा सातौं लुम्बिनी महोत्सव सुरु भएको छ । चेम्बर अफ कमर्स रुपन्देहीको आयोजनामा सिद्धार्थनगर नगरपालिका-८ स्थित अञ्चलपुरमा महोत्सव सुरु भएको हो ।

'स्थानीय बजारमा खरिद गरौं, स्थानीय बजारको प्रवर्धन गरौं, स्वदेशी वस्तुको प्रयोग गरौं, स्वाभिमानी नेपालीको पहिचान बनाआ' भन्ने मूल नाराका साथ आयोजना गरिएको महोत्सव मंसिर २१ गतेसम्म सञ्चालन हुने छ । महोत्सवमा झण्डै ३ सय वटा स्टल रहेका छन् । महोत्सवको लुम्बिनी प्रदेश सरकारका युवा तथा खेलकुद मन्त्री सन्तोष कुमार पाण्डेय र सिद्धार्थनगर नगरपालिकाका प्रमुख (मेयर) इश्तियाक अहमद खाँले संयुक्त रुपमा उद्घाटन गरेका हुन । मन्त्री पाण्डेयले सरकारले गर्नुपर्ने काम निजी क्षेत्रले गरेको र अहिलेसम्म सबैभन्दा पीडित उद्योगी-व्यवसायी रहेको बताए । "नेपाललाई पर्यटन क्षेत्रको माध्यमबाट नै आर्थिक समृद्धितर्फ लैजान सकिन्छ," उनले भने-"नेपाललाई पर्यटनको देश प्रकृतिले नै बनाइदिएको छ । आर्थिक समृद्धिको आधार पर्यटन हो ।" पर्यटकलाई सहज रुपमा नेपालमा भित्र्याउनुपर्नेमा उनले जोड दिए ।

ठाउँठाउँमा चेकिङका नाममा पर्यटकलाई दु:ख दिन नहुने मन्त्री पाण्डेयको भनाइ छ । महोत्सवमा करिब १ करोड खर्च हुने र करिब १ लाख ५० हजार दर्शकले अवलोकन गर्ने आयोजकले अपेक्षा लिएका छन् । त्यस्तै महोत्सवमा करिब ५ करोड रुपैयाँ बराबरको कारोबार हुने आयोजकको भनाइ छ ।

सडक दुर्घटनाबाट बचौं र बचाऔं ।
-सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
-ट्राफिक नियम पालना गरौं,
-तीव्र गतिमा सवारी साधन नचलाऔं,
-मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
-सवारी चालकले मद्यपान तथा लागु पदार्थ सेवन गरेको शंका लागेमा तत्काल प्रहरीलाई खबर गरौं,
-पैदल यात्रुले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
-सवारी चालकले सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
-सवारी साधन नियमित मर्मतसम्भार गरौं,
-दुर्घटना भएमा तुरुन्त प्रहरी वा स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
सावधानी अपनाऔं, जीवनलाई सुरक्षित बनाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई